# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०१।३० गते ।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुर्खेत, सुर्खेत उपत्यका नगर विकास समितिको कार्यालय, वीरेन्द्रनगरमा सह-लेखापाल पदमा कार्यरत खड्क बहादुर रानासमेतले सटर कवल तथा जग्गा भाडा वापतको आम्दानी बुझिलिई बैंक दाखिला नगरी आम्दानी मस्यौट गरेको भन्नेसमेत बेहोराको सुर्खेत उपत्यका नगर विकास समितिको पत्र/उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सुर्खेत उपत्यका नगर विकास समिति, वीरेन्द्रनगर, सुर्खेतका सदस्य सचिवहरू **टिकाराम ढकाल, नरहरी तिवारी, गेहेन्द्र बहादुर डाँगी, लेखा अधिकृत स्व. हरि बहादुर क्षत्री र सह-लेखापाल खड्क बहादुर राना**समेतको मिलेमतो तथा योजनामा आ.व. २०७६/७७, २०७७/७८, २०७८/७९, २०७९/८० र २०८०/८१ को भाडा असुली रसिदबाट जम्मा रू.४,१८,०४,३०३/- राजस्व आम्दानी भएकोमा उक्त आम्दानी भएको राजस्व सम्पूर्ण रकम समितिको खातामा दाखिला गर्नु गराउनुपर्ने कर्तव्य भएको प्रतिवादीहरूले कानुन बमोजिम समितिको खातामा दाखिला नगरी नगराई आम्दानी भएको राजस्व रकम मध्ये रू.१,२३,२५,६२२/- मात्र बैंक दाखिला गरी गराई बाँकी राजस्व रकम **रू.२,९४,७८,६८१/- (दुई करोड चौरानब्बे लाख अठहत्तर हजार छ सय एकासी रूपैयाँ)** बैंक दाखिला नगरी नगराई राजस्व हिनामिना गरे गराएको पुष्टि भएकोले उक्त कसुरजन्य कार्यबाट बच्ने उम्कने उद्देश्यले बदनियत राखी उक्त रकम बैक दाखिला भएको देखिने गलत विवरण सहितको आय व्यय विवरण तयार गरी गराई अनुमोदनको लागि समितिको बैठकमा पेस गरी गराई सोही बमोजिम निर्णयसमेत गरे गराएको तथ्य पुष्टि भएकोले सुर्खेत उपत्यका नगर विकास समितिका पदाधिकारीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरू उपर देहायबमोजिमको कसुरमा देहायबमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | सुर्खेत उपत्यका नगर विकास समिति, वीरेन्द्रनगरका तत्कालीन सदस्य सचिव **टिकाराम ढकाल** | रू.६४,२८,४३७/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. चौसठ्ठी लाख अठ्ठाईस हजार चार सय सैतीस रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम राजश्व हिनामिना भएको रकम रू.६४,२८,४३७/- को दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | सुर्खेत उपत्यका नगर विकास समिति, वीरेन्द्रनगरका तत्कालीन सदस्य सचिव **नरहरी तिवारी** | रू.१,०४,७१,९४२/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. एक करोड चार लाख एकहत्तर हजार नौ सय बयालिस रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम राजश्व हिनामिना भएको रकम रू.१,०४,७१,९४२/- को दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | सुर्खेत उपत्यका नगर विकास समिति, वीरेन्द्रनगरका तत्कालीन सदस्य सचिव **गेहेन्द्र बहादुर डाँगी** | रू.७२,७८,११०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. बहत्तर लाख अठहत्तर हजार एक सय दश रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम राजश्व हिनामिना भएको रकम रू.७२,७८,११०/- को दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | सुर्खेत उपत्यका नगर विकास समिति, वीरेन्द्रनगरका तत्कालीन लेखा अधिकृत हरी बहादुर क्षत्रीको श्रीमती **सिमा कुमारी चन्द (क्षत्री)** | रू.२,९०,९६,४४१/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. दुई करोड नब्बे लाख छयानब्बे हजार चार सय एकचालिस रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम राजश्व हिनामिना भएको रकम रू. २,९०,९६,४४१/-को दोब्बर जरिवाना सजाय हुन मागदाबी लिनु पर्नेमा प्रतिवादी हरी बहादुर क्षत्रीको मिति २०८१।०२।२९ गते मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकोले फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम निज उपर फौजदारी कसुरमा कैदको सजाय मागदाबी लिनुपर्ने अवस्था नरहेता पनि निजउपर मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी बिगो, क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी हरी बहादुर क्षत्रीको श्रीमती सिमा कुमारी चन्द (क्षत्री)समेतबाट |

| | | | |
|---|---|---|---|
| | | | बिगो रू.२,९०,९६,४४१/- असुल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | सुर्खेत उपत्यका नगर विकास समिति, वीरेन्द्रनगरका तत्कालीन सह-लेखापाल **खड्क बहादुर राना** | रू.२,९४,७८,६८१/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुरमा बिगो रू. दुई करोड चौरानब्बे लाख अठहत्तर हजार छ सय एकासी रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद गरी सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रू.२,९४,७८,६८१/- को दोब्बर जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने